स्थानीय सरकार

# मेलुङ गाउँपालिका

མེ་ལུང་ གྲོང་སྐྱོང་པ་ལི་ཀ། | मलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८१/८२
~~चलानी~~ नम्बर : १२४
सूचना

भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

## करार सेवामा शिक्षक आवश्यकता सम्बन्धी सूचना

*(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०८/२७)*

*(ने ने.स.११४५ थिँलाथ्व १२ बिहिवार)*

यस गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयको देहायमा उल्लिखित रिक्त शिक्षक पदको करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेद्वारहरुले यो सूचना प्रकाशन भएको मिति ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम सहितको विस्तृत विवरण कार्यालयको वेभसाईट www.melungmun.gov.np बाट उपलब्ध हुनेछ।

**तपसिल**

| विज्ञापन नं. | पद | विषय | दरबन्दी | सङ्ख्या | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| २३-२०८१/०८२ | शिक्षक | विज्ञान | मा.वि संघिय अनुदान | १ | आजादी मा.वि., मेलुङ-७ | |

देहाय :

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरि अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

२. **दरखास्त फाराम** : यस कार्यालयको वेभसाइट www.melungmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

३. **दरखास्त बुझाउने अन्तिम मिति** : यस कार्यालयको **vacancy.melungmun@gmail.com** मार्फत बैङ्क भौचर र कागजातहरु समेत स्क्यान गरी २०८१/०९/०३ (कार्यालय समय) भित्र ईमेल गरिसक्नु पर्नेछ। हार्ड कपी फारम बुझिलिइने छैन र उम्मेद्वारले सबै कागजात एउटै PDF File बनाई इमेल गर्नु पर्नेछ। रीत नपुगी पेस भएका आवेदनहरुमा कुनै कारबाही गरिने छैन।

४. **उमेर हद** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

५. **दरखास्त फाराम साथ पेस गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत विवरण CV, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमती पत्र र कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि उम्मेद्वार स्वयंमले प्रमाणित गरी पेस गर्नुपर्नेछ।

६. तलब सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार।

७. **दरखास्त दस्तुर** : रु.१००० (अक्षरेपी एक हजार रुपैयाँ मात्र) यस कार्यालयको सानिमा बैङ्क मेलुङ शाखामा रहेको MELUNG GA.PA.GA1.1 AANTARIK RAJASWA KHATA (खाता नं. 07201002000015) मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ।

८. **परीक्षाको किसिम** : लिखित तथा मौखिक।

९. **परीक्षा मिति** : पछि प्रकाशन गरिने छ ।

१०. **पाठ्यक्रम** : शिक्षक सेवा आयोगले प्रकाशन गरेको पाठ्यक्रम अनुसार हुनेछ।

*(थप जानकारीका लागि मोबाईल नं. ९८५११४९२०१, ९८६४२७४७०० मा सम्पर्क गरी बुझ्न सकिनेछ।)*